स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईले फिल्म "मितज्यू" टिमले आफ्ना लागि ८ वर्ष पर्खिएको बताएका छन् । फिल्मको स्क्रिप्ट ८ वर्ष अगाडि पाएपनि समय अभावको कारण अभिनय गर्न नसकेको उनको भनाइ थियो। "फिल्मको स्क्रिप्ट साढे ८ वर्षअघि नै हात पारेको थियो। कथा सुनाएका थिए", दयाहाङले भने "कथा मन परेर पनि समयको अभाव, कोभिड महामारी र अन्य प्राविधिक कारणले फिल्म निर्माणमा ढिलाइ भयो।"

आजको विचार...



आलोचना...
(दुई पेजमा)

सीमा बन

उच्च अदालत पाटनले फिल्म "लालीबजार" प्रदर्शनमा रोक विरुद्ध दायर रिटमा चलचित्र जाँच समितिबाट अनुमति दिने गरी भएको निर्णयको फाइल झिकाउने आदेश दिएको छ। न्यायाधीशद्वय गीताप्रसाद तिम्सिना र दीपक खनालको संयुक्त इजलासले चलचित्र जाँच समितिबाट कागज झिकाउँदै छलफलका लागि वैशाख २३ गते पेसी तोकेको छ। अदालतले १५ वैशाखमा तत्कालको लागि प्रदर्शन रोक्न आदेश दिएको थियो। अदालतले वादी र प्रतिवादी दुवै पक्षलाई छलफलको लागि बोलाएको थियो।



❐ वर्ष ३१ ❐ अंक २७७ ❐ २०८३ बैशाख २३ गते बुधबार 6 May 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हुनानमा पटाखा कारखाना विस्फोट, २१ को मृत्यु

(रासस/एपी)

**बेइजिङ,** वैशाख २२/मध्य चीनको हुनान प्रान्तस्थित एक पटाखा उत्पादन कारखानामा भएको भीषण विस्फोटमा कम्तीमा २१ जनाको ज्यान गएको छ भने ६१ जना घाइते भएका छन् । सोमबार दिउँसो भएको उक्त घटनापछि पनि जोखिम कायम रहेकाले उद्धार तथा अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको छ । चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार विस्फोट चाङ्सा सहरअन्तर्गतको औद्योगिक क्षेत्रमा रहेको कारखानामा भएको हो । चाइना डेलीका अनुसार उक्त उद्योग लियुयाङ क्षेत्रको प्रमुख आतसबाजी उत्पादन केन्द्रमा पर्ने हुआशेङ आतसबाजी निर्माण तथा प्रदर्शन कम्पनीद्वारा सञ्चालन हुँदै आएको थियो । राज्य प्रसारण संस्था चाइना केन्द्रीय टेलिभिजनद्वारा सार्वजनिक गरिएको हवाई दृश्यमा विस्फोटपछि कारखानाका धेरै संरचना ध्वस्त भएका र केही स्थानमा अझै सेतो धुवाँ उठिरहेको देखिएको छ, जसले घटनास्थल अझै पूर्ण रूपमा सुरक्षित नभएको सङ्केत गर्दछ । विस्फोट नजिकै रहेका दुईवटा उच्च जोखिमयुक्त बारुद भण्डारका कारण थप दुर्घटनाको सम्भावना रहेकाले आसपासका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

# अब पाल्पाबाटै चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्र

# लाइसेन्सको लागि खुल्यो आवेदन फाराम

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख २२/ पाल्पामा पहिलो पटक चारपाङ्ग्रे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणका लागि काम सुरु भएको छ । मोटरसाइकल र स्कुटरको मात्र चालक अनुमतिपत्र दिँदै आएको यातायात व्यवस्था सेवा कार्यालय तानसेन पाल्पाले अबदेखि हलुका सवारी चारपाङ्ग्रे साधनको सवारी चालक अनुमति पत्र वितरणको सेवा समेत दिन थालेको हो ।

सेवा थप भएसँगै हलुका सवारीसाधन चारपाङ्ग्रे (कार, जिप, डेलिभरी भ्यान, टेम्पो, अटोरिक्सा, (ई-रिक्सा)र (ट्रयाक्टर)को अनुमतिपत्रका लागि अनलाइन आवेदन मागसमेत गरिएको कार्यालय प्रमुख टिकाराम न्यौपानेले जानकारी दिए । उनका अनुसार दुईपाङ्ग्रे सवारीको वितरण गर्दै आएकोमा अबदेखि चारपाङ्ग्रेको समेत वितरणका लागि प्रक्रिया अगाडि बढाइएको छ । प्रमुख न्यौपानेले भने "लाइसेन्सका लागि मंगलबारदेखि अनलाईन आवेदन फाराम खुला गरेका छौं, छिट्टै लिखित परीक्षा लिई ट्रायल ( परीक्षण) लिन सुरु गर्नेछौं।" तानसेन-७, बाँसटारीमा हलुका चारपाङ्ग्रेको लागि ट्रायल सेन्टर तयार भइसकेको





टिकाराम न्यौपाने
कार्यालय प्रमुख

छ । हाल मोटरसाइकल र स्कुटरको ट्रायल सञ्चालन हुँदै आएको ठाउँ भन्दा केही अगाडि भाडामा लिएर ट्रायल सेन्टर तयार भएको हो । कार्यालयको आफ्नै जग्गा भए पनि पर्याप्त बजेट नहुँदा तत्काललाई ट्रायल सेन्टर भाडामा लिएर सेवा सञ्चालन गर्न लागिएको कार्यालय प्रमुख न्यौपानेले एनजेडीलाई जाकारी दिए । उनले भने "अहिले हामीले तत्कालका लागि भाडामा लिएर हलुका सवारीको ट्रायल सञ्चालन गरेका छौं, पछि बजेट आएपछि आफ्नै जग्गामा ट्रायल सेन्टर निर्माण गरी सेवा दिने छौं ।" यसअघि चारपाङ्ग्रे सवारीसाधनको लाइसेन्सको ट्रायल दिन दुई/तीन दिन लगाएर बुटवल, काठमाडौं, नेपालगञ्जलगायतका स्थानमा धाउनुपर्ने बाध्यता थियो । अब भने पाल्पाबाटै सेवा सुरु हुन थालेपछि पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीका हजारौं सेवाग्राही लाभान्वित हुने कार्यालयका वरिष्ठ अधिकृत श्रीराम पाण्डेले जानकारी दिए । तराईमा मात्र हुँदै आएको चारपाङ्ग्रे सवारी साधनको अनुमतिपत्रको काम लुम्बिनी प्रदेशको पहाडी जिल्ला पाल्पामा पहिलो पटक सुरु गरिएको उनले बताए ।पाल्पाको यातायात सेवा कार्यालयमा सवारी चालक अनुमति पत्रको लागि देशभरका जुनसुकै स्थानका व्यक्तिहरुले मोबाईल वा कम्प्युटरबाट सजिलै आवेदन दिन सक्ने सुविधा रहेको कार्यालयका सुचना अधिकारी विकास नेपालीले बताए । उनले भने " हामीले सेवाग्राहीहरुको सहज सेवाका लागि अनलाईन प्राणालीलाई प्राथमिकतामा राखेका छौं ।" छिट्टै नै सेवाग्राहीले आफ्नो मोवाइलमा एसेमेसमार्फत नतिजा र लाइसेन्स आए नआएको थाहा पाउने व्यवस्थाको प्रवन्ध मिलाउन लागिएको सूचना अधिकारी नेपालीले बताए ।कार्यालयले हाल दिदै आएको सेवालाई तत्काल आफ्नो वेभसाईट र फेसबुक पेजमा समेत राख्दै आएको छ । लाइसेन्सको लिखित परीक्षा र ट्रायल भएको एक घण्टामै परीक्षार्थीले आफ्नो नतिजा कार्यालयको पेजमार्फत थाहा पाउने व्यवस्था मिलाइएको कार्यालयका अर्का अधिकृत दिवाकर पन्थीले बताए । उनले भने " पहिले जस्तो नतिजा कुर्न हप्तौं दिन लाग्दैन, दिएको आधा-एक घण्टामा नतिजा आईहाल्छ ।" २०७५ सालमा स्थापना भएको कार्यालयले ब्लूबुक नवीकरण, जाँचपास, नवीकरण तथा रुट परमिट, लाइसेन्स नवीकरण एवं दुईपाङ्ग्रेका लाइसेन्स वितरणको सेवा दिदैं आएको छ । यातायात कार्यालयबाट छिटो छरितो रुपमा लाइसेन्स प्राप्त हुन थालेपछि ट्राफिक नियम उल्लङ्घन गर्नेहरुमा समेत कमी आउन थालेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजेन्द्र खड्काले बताए । अहिले यातायात कार्यालय र जिल्ला ट्राफिक कार्यालयले संयुक्त रुपमा सवारी अनुगमनलाई समेत तिव्रता दिएका छन् । यातायात कार्यालयका कर्मचारी र ट्राफिक प्रहरी सडकका मुख्य-मुख्य क्षेत्रमा पुगेर अनुगमन गर्न थालेपछि ट्राफिक नियम उल्लङ्घन घटनामा केही कमी आएको ट्राफिक प्रमुख खड्काले बताए ।

## हाँसौं: स्वस्थ रहौं।

-हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
-हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
-तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
-परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
-सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
हाँस्ने योगमा सहभागी बनौं,
-अरूलाई खुशी बनाउने व्यवहार गरौं,
-सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
-मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,
हाँसौं र हँसाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भन्सार कडाइपछि सुनौलीको नेपालतर्फका व्यवसाय चलायमान

**देवदह (रुपन्देही),** वैशाख २२/ सीमावर्ती भारतीय बजारबाट बिना भन्सार सामान भित्र्याउने कार्यलाई नियन्त्रण गर्न नेपाल सरकारले केही दिनयतादेखि सीमानाकामा कडाइ गरेपछि यस क्षेत्रका उद्योग-व्यवसायहरु चलायमान बन्न थालेका छन् । जसका कारण नेपालतर्फका व्यवसायीहरुले खुसी पनि व्यक्त गरेका छन् । घरायसी प्रयोजनका नाममा भारतबाट रु १०० भन्दा बढी मूल्यका सामान खरिद गरी नेपाल ल्याइँदा भन्सार महसुल अनिवार्य गरिएपछि सुनौली नाका क्षेत्रको नेपालतर्फका व्यापारी एवं व्यवसायीहरुले खुसी व्यक्त गर्दै यस क्षेत्रको व्यवसायमा चलहपहल बढेको बताएका हुन् ।

यसबाट नेपालको राजस्व बढ्नुका साथै स्थानीय व्यवसायीहरुमा पनि राहत मिल्ने उनीहरुको दाबी रहेको छ । प्राय: नेपाली पसल बजार नहेर्ने



गरेका स्थानीयलगायतका नागरिकहरु अब पारिबाट ल्याउनुपर्ने सामानको भन्सार अनिवार्य भएपछि नेपाली बजारतर्फ नै आकर्षित भएका हुन् । यसबाट स्वदेशी बजारको प्रवर्द्धन हुनुका साथै सामान किनमेल गर्न भारत जाने प्रवृत्तिमा पनि स्वत: कमी आएको उनीहरुको अनुभव छ । साथै सानोदेखि ठूलो किनमेलका लागि पनि भारततर्फ नै पुग्ने गरिएको विगतको प्रवृत्ति यसबाट निरुत्साहित हुन पुगेको पनि व्यवसायीहरु बताउँछन् । यस क्षेत्रमा वारितर्फ नेपाली बजार पनि प्रसस्त मात्रामा नै रहे पनि खासै चहलपहल हुने गरेको थिएन । किनभने स्थानीय नागरिकहरु सानोतिनोदेखि ठूला सामानसम्मको किनमेल गर्न पारितर्फको बजारअर्थात् भारतीय बजार जाने भएकाले राज्यको भन्सार तथा राजस्वमा पनि गिरावट आएको थियो । अहिले भने केही दिनयतादेखि नेपालतर्फको बजार चलायमान हुन थालेको छ । पारिबाट ल्याइएका रु एक सयभन्दा बढीको सामानमा भन्सार लाग्ने नीतिले गर्दा उताबाट ल्याइएका सामान महङ्गो पर्न गई यतैतर्फअर्थात् नेपाली बजारमा नै किनमेल बढ्न थालेको उनीहरुको तर्क छ । चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष सचिन रोक्काले रु १०० भन्दा बढी मूल्यको सामान ल्याउँदा अनिवार्य भन्सार गर्नुपर्ने कार्य उद्योगी-व्यवसायीका लागि सकारात्मक भएको बताए । "हामीले सुरुदेखि नै आवाज उठाउँदै आएको विषय पनि यो हो", उनले भने, "निरन्तर तस्करी गर्नेलाई रोक्नुपर्छ । रु एक सय बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्दा रात्रिको समयमा हुने गरेको तस्करीलाई पनि नियन्त्रण गर्नुपर्छ ।" घरायसी प्रयोजनका नाममा दिनमा धेरैपटक ओहोरदोहार गरेर सामान ल्याउनेलाई निगरानी र कडाइ गर्नुपर्ने उनको भनाइ छ । अवैध रुपमा सामान भित्र्याउने कार्यलाई नियन्त्रण गर्नुपर्ने अध्यक्ष रोक्काको माग छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## वास्तविक सुकुम्बासीप्रति अन्याय नहोस्

सरकारले देशैभरका सुकुम्बवासी वस्ती र अतिक्रमिक संरचना धमाधम हटाइहेको छ । वैशाख १२ गतेदेखि काठमाडौँ उपत्यकाबाट यस्ता संरचना हटाउने अभियान सरकारले सुरु गरेको छ । काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा ८ सयभन्दा बढी घर भत्काइइको छ । अन्य जिल्लाहरुमा पनि सरकारले खाली गर्न निर्देशन गरिसकेको छ । काठमाडौंमा सुकुम्बासीका बस्ती हटाएपछि त्यहाँका नागरिकको विचल्ली भएको छ । सरकार उचित ठाउँमा तत्कालको लागि व्यवस्थापन गरेको दावी गरेपनि त्यो हुन सकेको छैन् । बस्तीबाट लखेटिएकाहरूको उचित व्यवस्थापनमा ध्यान नदिइँदा शिशु, बालबालिका, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्तिलगायत अतिरिक्त स्याहार चाहिने वर्गको झन् बिचल्ली भएको छ । दुई जना सुकुमवासी त मृत अवस्थामा फेला परेका छन् । अघिल्लो शनिबारयता उजाड सुकुमवासी बस्ती तथा 'होल्डिङ सेन्टर' मा रहेकाहरूले सरकारी व्यवस्थापन शैलीप्रति गुनासो व्यक्त गरेका छन् ।

सुकुमवासी हटाइहाल्ने हतारो देखाउँदा पनि सरकारले केही पूर्वतयारी गर्नैपर्ने थियो । मुख्यतः होल्डिङ सेन्टरमा पुग्ने सहज व्यवस्था, हरेक व्यक्ति र परिवारका सामानको सुरक्षा, खानपिन र बसोबासको उचित व्यवस्था, सुकुमवासीका रूपमा पहिचान गर्ने प्रस्ट प्रणाली तयार गरिनुपर्थ्यो । मुख्यतः बस्तीबाट हटाइँदै गर्दा सुकुमवासी परिवारलाई महसुस हुनुपर्थ्यो कि– अब हामीलाई राम्रो हुनेछ, नदी किनारामा बिताउँदै आएको कष्टकर दिनको अन्त्य हुनेछ । तर सरकारले आफूप्रति भरोसा जगाएन, त्रास सिर्जना गर्‍यो । वास्तविक सुकुम्बासीको पहिचान नगरी अन्धाधुन्ध रूपमा गरिएको यस्तो कामले राज्यप्रतिको विश्वासलाई थप कमजोर बनाएको छ । गरिबका लागि राज्य छैनन् भन्ने भाष्यलाई अझ बलियो बनाएको छ । संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार, आवासको अधिकार, शिक्षा र स्वास्थ्यको पहुँच सुनिश्चित गरेको छ । तर पूर्वसूचना, संवाद र वैकल्पिक व्यवस्थाविनै सुरक्षा निकाय परिचालन गरी गरिएका विस्थापनका घटनाले यी मौलिक हकहरूको ठाडो उल्लंघन भएको देखिन्छ । भूमि आयोगमा जग्गा प्राप्तिका लागि निवेदन दिएका संख्यालाई आधार मान्दा देशैभर सुकुमवासी तथा अव्यवस्थित बसोबासीको संख्या १२ लाख बढी छ । त्यसमध्ये वास्तविक सुकुमवासीको संख्या २ लाख ८० हजार बढी छ । बाँकी अव्यवस्थित बसोबासी छन् । अब सरकारले हटाइएका बस्तीका सुकुमवासीलाई तत्कालै व्यवस्थित बसोबास सुनिश्चित गर्नुपर्छ र हटाउन बाँकी बस्तीमा लगत संकलन, प्रमाणीकरण एवं पुनर्वासको विकल्पसहितको व्यवस्थापन गर्नुपर्छ । यसो गर्दा वास्तविक सुकुम्बासीप्रति अन्याय नहोस् ।

## Opinion @ Social Network

सतीले सरापेको देश होइन
देवीले अंगालेको देश हो हाम्रो !
(सुनिल थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Sunil.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आलोचना भन्दा नागरिक आत्मसमीक्षाको खाँचो



सीमा बन

*नेपालमा नागरिक भन्दा कार्यकर्ताको बाहुल्य देखिन्छ। हाम्रो सोच प्रायः आफ्नो पक्षलाई सही र विपक्षलाई गलत ठान्ने छ । विपक्षले गरेको राम्रो काम पनि स्वीकार गर्न गाह्रो मानिन्छ। यसले सही कामको पनि अवमूल्यन गर्छ। यहाँ समाधान खोज्ने भन्दा दोष देखाउने प्रवृत्ति हावी छ । यही कारणले गर्दा लिब्रन जेम्सले भने जस्तो आलोचनाले नेतृत्वलाई बलियो बनाउन सकेको देखिदैन । नागरिक यतिसम्म दलका कार्यकर्ता बन्छन् कि आफ्नै घर अगाडिको बाटो पिच गर्न पनि आफ्नो दलको स्थानीय प्रमुख छैन भने विरोध गर्ने, बखेडा झिक्ने अनि बाटोका खाडल देखाएर आलोचना गर्छन्। नेता-कार्यकर्ता र नागरिक राज्यका नभई दलविशेषका देखिन्छन् ।*

लोकतन्त्रमा नागरिकले सरकारलाई प्रश्न वा आलोचना गर्नु स्वाभाविक र आवश्यक मानिन्छ। लोकतन्त्रको सुन्दरता नै यही हो जहाँ नागरिकले सरकारलाई प्रश्न गर्न, सुझाव दिन र आलोचना गर्न पाउँछन्। सरकारका कामहरूको मूल्यांकन गर्नु, नेताहरूको निर्णयमाथि टिप्पणी गर्नु यी सबैले शासन प्रणालीलाई उत्तरदायी बनाउँछ । तर नेपालमा आलोचना गर्ने तरिका र उद्देश्य दुवैमा कमजोरी देखिन्छ । हामी प्राय: तथ्यभन्दा भावनामा आधारित आलोचना गर्छौं। कुनै निर्णय आयो भने त्यसको पृष्ठभूमि, चुनौती र सम्भावित प्रभाव बुझ्नुभन्दा पहिले नै सामाजिक सञ्जालमा नकारात्मक प्रतिक्रिया दिन थाल्छौं। यसले न त सत्यलाई स्पष्ट बनाउँछ, न त समाधानतर्फ लैजान्छ बरु समाजमा अनावश्यक भ्रम र दूरी बढाउँछ। नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक परिवेशलाई नजिकबाट हेर्दा हामीले बारम्बार ठूला भ्रष्टाचार, अनियमितता र बेथितिको कुरा गर्छौं। तर सतहमा देखिने यथार्थ अलिक फरक पनि छ। नेपालमा नागरिक भन्दा कार्यकर्ताको बाहुल्य देखिन्छ। हाम्रो सोच प्राय: आफ्नो पक्षलाई सही र विपक्षलाई गलत ठान्ने छ । विपक्षले गरेको राम्रो काम पनि स्वीकार गर्न गाह्रो मानिन्छ। यसले सही कामको पनि अवमूल्यन गर्छ। यहाँ समाधान खोज्ने भन्दा दोष देखाउने प्रवृत्ति हावी छ । यही कारणले गर्दा लिब्रन जेम्सले भने जस्तो आलोचनाले नेतृत्वलाई बलियो बनाउन सकेको देखिँदैन । नागरिक यतिसम्म दलका कार्यकर्ता बन्छन् कि आफ्नै घर अगाडिको बाटो पिच गर्न पनि आफ्नो दलको स्थानीय प्रमुख छैन भने विरोध गर्ने, बखेडा झिक्ने अनि बाटोका खाडल देखाएर आलोचना गर्छन्। नेता-कार्यकर्ता र नागरिक राज्यका नभई दलविशेषका देखिन्छन् । यहाँ नीति, योजना र कार्यक्रमको समीक्षा गर्नुको सट्टा व्यक्तिको चरित्र, बोली र व्यक्तिगत जीवनमाथि टिप्पणी गर्ने बढी देखिन्छन् । यसले स्वस्थ राजनीतिक बहसलाई कमजोर बनाउँछ र मुद्दाभन्दा व्यक्ति ठूलो देखिन्छ । जब हरेक कुरा गलत मात्र देखाइन्छ तब मानिसहरूमा 'केही राम्रो हुँदैन' भन्ने धारणा बन्छ । यो धारणा देशको विकासका लागि सबैभन्दा ठूलो बाधा हो। अहिले युवा पुस्ताले नेपालमा केही नयाँपन खोजिरहेका छन् । सिस्टम र नीतिमा परिमार्जन खोजेका छन् । तर हामी परिवर्तनलाई स्वीकार गर्न र पर्खन सकिरहेका छैनौं । हामीलाई सिस्टम र नीतिभन्दा पर बसेर काम गर्ने आदत परिसकेको छ । तर यसैगरी हामीले हरेक प्रयासलाई नकारात्मक नजरले मात्र हेर्ने हो भने सुधार गर्ने प्रेरणा नै हराउँदै जान्छ । जसले नवप्रवर्तन र सिर्जनशीलतालाई रोक्छ । अनि, राजनीति निरन्तर आलोचना र नकारात्मकताको केन्द्र बन्दा नवप्रवेशीको खडेरी पर्न थाल्छ । नेपाल जस्तो विकासोन्मुख देशमा सानो सुधार पनि ठूलो उपलब्धि हुनसक्छ। तर त्यसका लागि नेतृत्वसँगै नागरिक पनि सचेत र इमानदार हुनुपर्छ अझ भनौं नागरिक दलको कार्यकर्ताभन्दा माथि उठ्नुपर्छ। वास्तवमा समाजको आधार नै व्यक्तिगत व्यवहारमा अडेको हुन्छ र त्यो आधारमा नै दरारहरू देखा पर्न थाल्छन् भने ठूलो संरचना कमजोर हुनु स्वाभाविक मानिन्छ । एकपटक प्रश्न हामी आफैंलाई गरौं। के हामी दैनिक जीवनमा पूर्ण रूपमा इमानदार छौं ? मानिसले दैनिक जीवनमा गर्ने साना बेइमानीका उदाहरण खोज्न कतै जानै पर्दैन। कतिपयले बसभाडा तिर्न छल्छन् । कोही लाइन मिचेर अघि बढ्छन् । कसैले सिफारिसको भरमा काम गराउँछन् । कसैले आम्दानीमा कर छल्छन्, विद्यार्थीले नक्कल गरेर पास हुन्छन् । कर्मचारीले समयको दुरुपयोग गर्छन् । सकेसम्म कामबाट पन्छिन खोज्छन् । व्यापारीले तौलमा तल-माथि गर्छन्, ट्याक्सीले मिटरमा छलछाम गर्छन्, परिवारले नाफाघाटाको हिसाब खोज्छन् । मान्छेहरू लेनदेनमा छलकपट गर्छन् । यी सबै व्यवहारलाई हामी नजिकबाट नियालिरहेका हुन्छौं तर यस्ता कुरालाई सामान्य मानी बेवास्ता गरिरहेका हुन्छौं, गम्भीरताका साथ लिँदैनौं। यिनै साना बेइमानीहरूले हाम्रो सोच र संस्कारलाई विस्तारै दूषित बनाइरहेका हुन्छन् । हामीले दैनिक जीवनमा गरिने यस्ता बेइमानीहरू प्राय: नयाँपनका लागि गरिएका जस्ता लाग्छन्। सरकारी कार्यालयमा छिटो काम गराउन कसैले चिनजान प्रयोग गर्छ, कसैले चिया-खाजा खर्च दिन्छ। कतिपय अवस्थामा नियम पालना गर्दा भन्दा नियम तोड्दा काम सजिलै हुन्छ। यस्तो अवस्थामा धेरैले सोच्छन् म एक्लैले इमानदार भएर के फरक पर्छ र ? हाम्रो प्रणालीमा कमजोरीहरू छन् जस्तो ढिलासुस्ती, पारदर्शिताको कमी र जिम्मवार प्राप्त पदाधिकारीको जिम्मेवारीको अभाव। यिनै कारणले मानिसहरू सानो बेइमानी गर्न बाध्य भएको जस्तो महसुस गर्छन्। तर, त्यही व्यवहारले फेरि प्रणालीलाई अझ कमजोर बनाइरहेको हुन्छ । यहाँ प्रणालीभन्दा पनि व्यक्तिगत सम्बन्ध र पहुँचलाई प्राथमिकता दिने चलन अझै पनि बलियो छ । चिनजान भए काम सजिलो हुन्छ भन्ने सोचले नियम र विधिलाई कमजोर बनाइरहेको छ। जब नियम पालना गर्नेभन्दा उल्लैन गर्नेले फाइदा पाउँछ, तब इमानदार व्यक्ति निरुत्साहित हुन्छ । अन्ततः समाजमा इमानदारी कमजोर र बेइमानी बलियो बन्न थाल्छ । पद, पावर र पहुँचले बनाएको कृत्रिम प्रतिष्ठामा रमाएको समाजमा कहिलेकाहीं इमानदारी एक्लिन्छ । हामीले नियम पालना गर्दा अरूले सर्टकर्ट लिएर अघि बढेको देख्दा निराशा महसुस हुन्छ । तर इमानदारीले आत्मसम्मान बढाउँछ । सही बाटोमा अडिग रहँदा मन शान्त हुन्छ, आत्मविश्वास बलियो हुन्छ । वास्तवमा जीवनमा साँचो खुसी बाहिरी सफलताबाट होइन मनभित्रको सन्तुष्टिबाट आउँछ र त्यो सन्तुष्टि इमानदारीबाटै सम्भव हुन्छ । यसले व्यक्तिगत जीवनमा मात्रै होइन कार्यालयको कार्य सम्पादनमा पारदर्शिता, व्यापारमा विश्वास बढ्छ, शिक्षाको गुणस्तरमा सुधार हुन्छ र समाजमा सम्बन्धहरू मजबुत बन्छन्, मिहिनेतको कदर र न्यायको अनुभूति हुन्छ । हामीले बारम्बार देश बदलिनुपर्छ भन्यौं तर देश कसले बनाएको हो ? हामीले नै होइन ? हामी विकास, सुशासन र समृद्धिको कुरा गर्छौं। तर यी सबै केवल नीतिले मात्र पूरा हुँदैनन्। यसका लागि नेतृत्वसँगै नागरिकमा बलियो इमानदारी पनि आवश्यक हुन्छ । आज समाजमा काम निकाल्न सिपालु व्यक्तिलाई प्रशंसा गरिन्छ, चाहे उसले नियम तोडेरै किन नहोस् । उसैलाई हामी चलाख भनेर गर्व गर्छौं । चलाखी होइन इमानदारी नै गर्वको विषय बन्नुपर्छ । यसका लागि केही व्यावहारिक कदमहरू अपनाउन सकिन्छ । लाइनमा आफ्नो पालो कुर्नु, आफ्नो काम इमानदारीपूर्वक गर्नु, अरूको अधिकार नहडप्नु, सानो फाइदाका लागि गलत बाटो नअपनाउनु, आफ्नो कामप्रति जिम्मेवार बन्नु, गलत कामलाई सामान्य नठान्नु। आफूले नगरे पनि, कम्तीमा त्यसलाई 'ठिकै हो' भनेर समर्थन नगर्नु। बालबालिकालाई सानैदेखि नैतिक शिक्षा दिनु, इमानदार व्यक्तिलाई सम्मान गर्नु। यी कुरा सुन्दा सामान्य लाग्छन् तर यिनै कुराले व्यक्तिको चरित्र र मजबुत समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्छन् । हामीले प्राय: भ्रष्टाचारको दोष नेता, कर्मचारी वा प्रणालीलाई दिन्छौं । तर कहिल्यै आफैंलाई सोधेका छौं ? के हामी नियमको सही बाटोमा हिंडेका छौं ? सानो फाइदाका लागि नीति नियमलाई तोडमोड गर्ने, चुप लागेर गलतलाई सहने वा आफ्नो जिम्मेवारीबाट पन्छिने बानी कतै हामीमै त छैन ? एकपटक मनन गरौं। वास्तवमा समाजमा देखिने धेरै बेइमानी हाम्रो आफ्नै साना व्यवहारबाट जन्मिएका हुन्छन् । तर प्रणाली नै बेइमानीलाई प्रोत्साहित गर्ने खालको छ भने, इमानदार व्यक्ति एक्लो पर्न सक्छ । त्यसैले, प्रणाली सुधार अत्यावश्यक हुन्छ । यसका लागि राज्यका तर्फबाट सार्वजनिक सेवाहरू डिजिटल बनाउने, प्रक्रियालाई पारदर्शी बनाउने, पुरस्कार, दण्ड र सजायलाई न्यायोचित बनाउने, न्यायको प्रत्याभूति दिलाउने, समाजमा देखिने नकारात्मक र अराजक प्रवृत्तिलाई न्यूनीकरण गर्ने, नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारलाई सुनिश्चित गर्ने जस्ता कार्यहरू तदारुकताका साथ अगाडि बढाउनुपर्छ। पछिल्लो समय राज्यका तर्फबाट केही यस्ता सुरुवाती कदमहरू देखिएका छन्। यसलाई सबैले सकारात्मक रूपमा नै लिनुपर्छ । अन्ततः परिवर्तन दुईतर्फी हुनुपर्छ । नागरिकले आफ्नो व्यवहार सुधार्ने र प्रणालीले इमानदारीलाई सहज बनाउने । हामीले सबै कुरा तुरुन्त बदल्न सक्दैनौं । जब गलत कामलाई सामान्य मानिन्छ, तब सही र गलत बीचको खाडल बढ्न थाल्छ । मानिसहरू आफ्नो स्वार्थलाई नै सबैभन्दा ठूलो सत्य मान्न थाल्छन् । यस्तो अवस्थामा, समाजमा मूल्य र मान्यताहरू कमजोर बन्छन्। जसले दीर्घकालीन रूपमा ठूलो संकट निम्त्याउन सक्छ अनि भ्रष्टाचार र अनियमितता सामान्य बन्छ। यथार्थ यही हो कि सानो भए पनि बेइमानीले समस्या बनाउँछ तर इमानदारीले सधैं समाधान शुरु गर्छ । समस्या समाधान केवल दोषारोपणले हुँदैन। यदि प्रणालीमै कमजोरी छ भने त्यसलाई सुधार गर्ने जिम्मेवारी पनि हाम्रै हो। इमानदार नागरिकको सक्रियता विना असल शासन सम्भव हुँदैन। हामीले 'अरूले के गर्‍यो ?' भन्दा 'म के गर्न सक्छु ?' भन्ने सोच अपनाउनुपर्छ । किनभने, परिवर्तन सधैं आफैंबाट शुरु हुन्छ । यदि हामीले केवल आफ्नै मात्र फाइदा सोच्यौं, जिम्मेवारीबाट पन्छियौं र आलोचनामा मात्र सीमित भयौं भने विकासको बाटो कहिल्यै फराकिलो हुँदैन ।त्यसैले आलोचना गरौं तर आत्मसमीक्षा पनि गरौं। अरूबाट सुधारको अपेक्षा गर्नुअघि आफैंबाट शुरु गरौं। देश परिवर्तनको मोडमा छ । सकारात्मक भएर हरेक तह र तप्काबाट आफ्ना जिम्मेवारी र कर्तव्य पूरा गरौं। निराशा होइन आशावादी बनौं ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भाग्यको साथ मिल्नेछ।नसोचेको काम बन्नाले मन प्रसन्न रहनेछ। | **तुला** : यात्रा लाभदायक रहनेछ। शैक्षिक वा रचनात्मक कार्यमा सफलता मिल्नेछ। |
| **वृष** : नयाँ समस्याहरू निम्त्याउन सक्ला। कार्यमा मेहनत गर्दा सफलता मिल्नेछ। | **वृश्चिक** : आफन्तहरूको साथ मिल्नेछ। स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। |
| **मिथुन** : पारिवारिकजनको साथले नयाँ आशा जगाउनेछ।विश्वास जित्न सक्नुहुनेछ। | **धनु** :आलस्य गर्नबाट बच्नुहोस्। इन्जिनियरिङ्ग पढाइमा विशेष लाभ मिल्नेछ। |
| **कर्कट** : समारोहमा सम्मिलित हुन सक्नुहुनेछ। नयाँ कुरा सिक्न अवसर मिल्ला। | **मकर** : आफ्नो कार्यमा स्वतन्त्रता प्राप्त नहोला। शत्रुहरू सक्रिय रहनेछन्। |
| **सिंह** : सन्तानको गल्तीलाई वेवास्ता नगर्नुहोला। स्वास्थ्यप्रति सावधान रहनुहोस्। | **कुम्भ** : अनावश्यक खर्च नगर्नुहोस्। आफ्नो प्रतिभाको प्रदर्शन गर्ने अवसर मिल्नेछ। |
| **कन्या** : व्यापारमा गोपनीयता राख्नुहोला। विद्यार्थीहरूलाई अध्ययनमा मन नलाग्ला। | **मीन** :विद्यार्थीहरूलाई शिक्षाको क्षेत्रमा मनोवान्छित नतिजाले प्रसन्न तुल्याउने छ। |

## कला मनोरञ्जन


# तमिलनाडुका मुख्यमन्त्री बन्दैछन् विजय ?



भारतमा २३ अप्रिलमा भएको पाँच राज्यको विधानसभा चुनावमा तमिलनाडुको नतिजाले भने धेरैलाई आश्चर्यमा पारेको छ । तमिल सुपरस्टार थलापति विजय (सी. जोसेफ)ले नेतृत्व गरेको २ वर्ष पुरानो पार्टी तमिलगा वेत्री कजगम (टीविके)ले सत्तारूढ द्रविड मुन्नेत्र कझगम (डिएमके)को समीकरण नै ध्वस्त पारेको छ । विजयले पार्टीले कुल २३४ सिटमा १०८ सिट जितेको छ । विधानसभा चुनावमा ऐतिहासिक जित निकाल्दै 'टीविके' तमिलनाडुको सबैभन्दा ठूलो पार्टी बनेको छ भने विजय स्वयंले पेरम्बुर र तिरुचिरापल्ली पूर्व गरी दुई क्षेत्रबाट फराकिलो मतान्तरसहित जित हासिल गरेका छन् । योसँगै उनी तमिलनाडुको भावी मुख्यमन्त्री बन्ने सम्भावना बलियो बनेको छ । तर, उनको पार्टीलाई एकल सरकार बनाउन बहुमत भने नपुग्ने देखिन्छ । तमिलनाडु राज्यमा सरकार बनाउनका लागि जादुयी आँकडा ११८ हो । यस्तोमा विजयको पार्टी बहुमतबाट १० सिटले पछि परेको छ । यो अवस्थामा 'टीविके'ले अब अन्य पार्टी वा स्वतन्त्र सांसदको समर्थन जुटाएर सरकार बनाउनुपर्ने हुन्छ । विजयले चुनावअघि नै सत्तारूढ 'डिएमके' र 'एनडीए'सँग भने गठबन्धन नगर्ने घोषणा गरिसकेका छन् । तमिलनाडुको हालको राजनीतिक समीकरणले भने 'टीविके' र अल इन्डिया अन्ना द्रविड मुनेत्र कडगम (एडिएमके)बीच नयाँ गठबन्धनतर्फ संकेत गरिरहेको छ । चुनावअघि पनि यी दुई दलबीच गठबन्धनको प्रयास भएको थियो, तर त्यतिबेला विजयले राज्यका आधाभन्दा बढी सिट माग्नुका साथै आफूलाई मुख्यमन्त्री बनाउनुपर्ने अडान नछाडेपछि सहमति हुन सकेको थिएन । तर, चुनावी नतिजापछि 'एडिएमके' विजयको पार्टीसँग गठबन्धन गर्न सकारात्मक देखिएको छ । त्यसको पछाडिको कारण 'डिएमके'लाई सत्ताबाट बाहिर राख्नु हो । पार्टीकी प्रवक्ता अप्सरा रेड्डीले समेत 'डिएमके'लाई सत्ताबाहिर राख्न गठबन्धनबारे सोच्न सकिने बताएकी छन् । यी दुई पार्टीबीच गठबन्धन भएको खण्डमा विजय तमिलनाडुको नयाँ मुख्यमन्त्री बन्नेछन् । विजयका लागि सत्तासम्म पुग्ने अर्को व्यावहारिक विकल्प भनेको ठूला दलसँग गठबन्धन गर्नुको सट्टा साना तर निर्णायक सहयोगी दलहरूसँग हातेमालो गर्नु हो । उनले पीएमके, डीएमडीके, र एएमएमके जस्ता क्षेत्रीय दलहरूलाई सम्मानजनक सहभागिताको प्रस्ताव दिए भने यी दलहरू 'किङ मेकर'को भूमिका खेल्दै 'टीविके'को साथमा उभिन सक्छन् । आफ्नो करिअरमा ६० भन्दा बढी फिल्ममा अभिनय गरेका विजयले राजनीतिक दल खोल्नुभन्दा अघि नै अभिनयबाट सन्न्यास लिएका थिए । अब उनी पूर्ण रूपमा राजनीतिमा केन्द्रित हुनेछन् । उनको अन्तिम फिल्म 'जन नायगन' (जन नेता) कानुनी झमेलामा फसेका कारण प्रदर्शन हुन सकेको छैन । यो फिल्मका लागि उनले २७५ करोड भारु पारिश्रमिक बुझेका थिए ।

*-फिल्मी खबर डटकम*

# 'थ्री इडियट्स' को सिक्वेल : विक्की कौशल बन्दैछन् चौथो 'इडियट' ?






बलिउड इतिहासमा सबैभन्दा मन पराइएका फिल्ममध्ये एक 'थ्री इडियट्स'को सिक्वेल बन्ने चर्चा फेरि सुरु भएको छ । यससँगै फिल्मको कास्टमा एउटा ठूलो नयाँ नाम जोडिन सक्ने संकेत देखिएको छ । हालैका रिपोर्टअनुसार, निर्देशक राजकुमार हिरानीको सन् २००९ को ब्लकबस्टर फिल्म 'थ्री इडियट्स'को सिक्वेल 'फोर इडियट्स'का लागि अभिनेता विक्की कौशलसँग छलफल भइरहेको छ । रिपोर्टमा जनाइएअनुसार, उनलाई फिल्ममा चौथो 'इडियट'को भूमिकाका लागि लिन खोजिएको हो । यदि कुरा मिल्यो भने उनी आमिर खान, आर. माधवन र शरमन जोशीसँग देखिनेछन् । यसले बलिउडमा ठूलो स्तरको कास्टिङ बन्ने अनुमान गरिएको छ । पिंकभिल्लाका अनुसार, विक्कीलाई यो भूमिकाका लागि प्रस्ताव मात्र गरिएको छैन, उनले यसप्रति चासो पनि देखाएका छन् । उनको पात्रले कथामा नयाँ भावनात्मक आयाम थप्ने र कलाकारबीचको केमिस्ट्रीलाई अझ बलियो बनाउने अपेक्षा छ । साथै, विक्की आमिर खानसँग काम गर्न उत्साहित रहेको र सबैले सम्झिरहने फिल्मको हिस्सा बन्न चाहेको पनि उल्लेख गरिएको छ । अभिनेता कौशलले यसअघि निर्देशक राजकुमार हिरानीसँग 'सन्जु' (२०१८) र 'डंकी' (२०२३)मा काम गरिसकेका छन् । रिपोर्ट अनुसार, 'फोर इडियट्स'बारेको छलफल अब प्रारम्भिक चरणभन्दा अगाडि बढिसकेको छ । यसका लागि धेरै चरणका बैठक भइसकेका छन् र विक्कीले यो प्रोजेक्टमा सहभागी हुने इच्छा पनि व्यक्त गरेका छन् । तर, यो फिल्ममा अन्तिम रूपमा जोडिनुअघि विक्कीले 'महावतार'को काम पूरा गर्नुपर्नेछ । उक्त फिल्मका लागि छुट्टै सुटिङ तालिका आवश्यक छ र यसको छायांकन चाँडै सुरु हुने तयारीमा रहेको बताइएको छ । यससँगै रिपोर्टमा फिल्मको काम निरन्तर अगाडि बढिरहेको उल्लेख छ । निर्देशक राजकुमार हिरानी आफ्नो लामो समयका सहकर्मी तथा लेखक अभिजात जोशीसँग मिलेर कथामा काम गरिरहेका छन् । 'फोर इडियट्स'को काम सन् २०२७ बाट सुरु हुने अपेक्षा गरिएको छ । अभिनेता खानले हालै अमर उजालासँगको अन्तर्वार्तामा यस प्रोजेक्टको औपचारिक पुष्टि गरेका छन् । उनले फिल्मको कथाबारे महत्वपूर्ण जानकारी दिँदै 'थ्री इडियट्स'को अन्त्यपछि करिब १० वर्ष पछिको कथालाई यसले समेट्ने बताए । यस अवधिमा पात्रहरूको जीवनमा आएका परिवर्तन, नयाँ संघर्ष र चुनौतीहरू देखाइनेछ । साथै, आमिरले 'फोर इडियट्स'मा काम सुरु गर्नुअघि अर्को फिल्म पूरा गरिरहेका छन्, ताकि उनको समय तालिका अन्य कलाकारसँग मिलाउन सहज होस् । सन् २००९ मा रिलिज भएको 'थ्री इडियट्स' ठूलो व्यावसायिक सफलता हासिल गरेको फिल्म हो । निर्देशक हिरानीले लेखन तथा निर्देशन गरेको र अभिजात जोशीले सह-लेखन गरेको यो फिल्म विधु विनोद चोपडह्राले निर्माण गरेका हुन् । फिल्ममा आमिर खान, आर. माधवन र शरमन जोशीले तीन इन्जिनियरिङ विद्यार्थीको भूमिका निभाएका छन्, जो सपना, मित्रता र भारतीय शिक्षा प्रणालीको दबाबसँग जुधिरहेका हुन्छन् । यस फिल्ममा करीना कपूर, बोमन ईरानी र मोना सिंहले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

*-अनलाइन खबर डटकम*

# ४२ वर्ष पुरानो मित्र गुमाउँदा भावुक बने सलमान



बलिउड सुपरस्टार सलमान खान आफ्ना अत्यन्तै नजिकका साथी सुशील कुमारको निधनले स्तब्ध बनेका छन् । विगत ४२ वर्षदेखिको मित्रता टुटेपछि सलमानले सामाजिक सञ्जालमा एक भावुक सन्देश लेख्दै सुशील आफ्ना लागि साथी मात्र नभएर भाइ जस्तै रहेको उल्लेख गरेका छन् । सलमानले आफ्ना पिता सलीम खान र सुशीलसँगका पुराना यादहरू ताजा गर्दै केही तस्बिरहरू समेत साझा गरेका छन् । सलमानका अनुसार सुशील एक अत्यन्तै दयालु र सहयोगी स्वभावका व्यक्ति थिए । सुशीलको सकारात्मक सोचको प्रशंसा गर्दै सलमानले उनलाई एक वास्तविक योद्धाको संज्ञा दिएका छन् । आर्थिक अभाव, भावनात्मक पीडा वा शारीरिक रोग, जस्तोसुकै कठिन परिस्थितिमा पनि सुशीलको अनुहारबाट मुस्कान कहिल्यै नघट्ने गरेको सलमानले बताएका छन् । सलमानले सुशीलको थेगोलाई सम्झँदै लेखेका छन्, 'उनले सधैँ एउटै कुरा भन्थे- की फरक नई पैंदा, सब ठीक होगा (केही फरक पर्दैन, सबै ठिक हुनेछ)।' मृत्युसँग हेभिवेट च्याम्पियनले जस्तै वीरतापूर्वक लडेका सुशीलको बिदाइमा आफ्नो आँखामा आँसु नभई उनीसँगका हासो र सम्झनाहरू मात्र बाँकी रहेको सलमानले उल्लेख गरेका छन् । आफ्नो पोस्टमा जीवनको दर्शनबारे चर्चा गर्दै सलमानले हामी सबै एक न एक दिन जानैपर्ने र कोही ढिलो त कोही चाँडो मात्र जाने यथार्थ व्यक्त गरेका छन्। उनले सुशीललाई धेरै मिस गर्ने बताउँदै यो खबर सुनेपछि सुरुमा रिस र रोदन आए पनि आफूले आफैँलाई सम्हालेको स्वीकारेका छन् । 'मेरो भाइ अनुहारमा मुस्कान लिएर यो संसारबाट बिदा भयो,' भन्दै सलमानले सुशीलको सकारात्मकताको सम्मान गरेका छन्। ार्यक्षेत्रको कुरा गर्दा सलमान खान यतिबेला आफ्नो आगामी फिल्म 'मातृभूमि: मे वार रेस्ट इन पीस' को तयारीमा व्यस्त छन्। सलमा खानको ब्यानर 'सलमान खान फिल्म्स' अन्तर्गत निर्माण भइरहेको यस फिल्मलाई अपूर्व लाखियाले निर्देशन गरिरहेका छन् भने फिल्ममा चित्राद्रदा सिंह मुख्य भूमिकामा देखिनेछिन्। यसका साथै रितेश देशमुखको फिल्म 'राजा शिवाजी' मा सलमानको केमियो भूमिकाले पनि अहिले सामाजिक सञ्जालमा निकै चर्चा पाइरहेको छ ।*-रातोपाटी डटकम*

# 'परालको आगो' को गीत 'बिरही बतास'



गत शुक्रबारबाट प्रदर्शनमा आएको चलचित्र 'परालको आगो' को गीत 'बिरही बतास'सार्वजनिक गरेको छ । निर्माण टिमले स्वरूपराज आचार्यको स्वर, सुरेन्द्र रानाको शब्द तथा सत्य-स्वरूपको संगीतमा तयार पारिएको गीतको भिडियो सार्वजनिक गरेको हो । सार्वजनिक गीतले चलचित्रको कथावस्तुलाई अझ गहिरो बनाउँदै दर्शकको मन जित्ने विश्वास निर्माण पक्षको छ । यस गीतको संगीत संयोजन रिकेश गुरुङले गर्नुभएको हो भने रेकर्डिङ राजेश श्रेष्ठको छ । साथै गीतको मिक्सिङ तथा मास्टरिङ किशोर थापाले गर्नुभएको छ । चलचित्रमा प्रकाश सपुत, सुहाना थापा, सौगात मल्ल र सिर्जना अधिकारी मुख्य भूमिकामा हुनुहुन्छ । साथै शंकर आचार्य, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र मञ्जिल बानियाँको पनि अभिनय छ । हरिओम सिने मेकर्स प्रालिको ब्यानरमा सुशील पोखरेलद्वारा निर्माण गरिएको यो चलचित्रले प्रदर्शनको नवौं दिनमा तीन करोडभन्दा बढि कमाई गरिसकेको छ । फिल्म 'परालको आगो'ले बक्स अफिसमा उत्कृष्ट व्यापार गर्दै उल्लेखनीय सफलता हासिल गरेको छ । आठ वर्षपछि चलचित्र क्षेत्रमा कमब्याक गरेका पोखरेलका लागि यो यात्रा सुखद् बनेको छ । निर्माता पोखरेलका अनुसार हालसम्मको घरेलु बक्स अफिस कलेक्सन, प्रायोजक ब्राण्ड, डिजिटल राइट तथा ओभरसिज राइट बिक्रीबाट चलचित्रको लगानी सुरक्षित भइसकेको छ । 'अब म नाफाको यात्रामा छु,' उनले सुनाएका छन् । उनले चलचित्रको कन्टेन्ट शक्तिशाली भएकाले अझै लामो यात्रा तय गर्ने विश्वास व्यक्त गरेका छन् । पोखरेलले आठ वर्षपछि फर्किंदा नेपाली चलचित्र क्षेत्रमा धेरै परिवर्तन आएको अनुभव पनि साटेका छन् । 'सिक्ने अवसर पाएँ, अझ परिपक्व हुँदैछु,' उनले भने । चलचित्रको सफलतामा कलाकार तथा प्राविधिक टोलीको ठूलो योगदान रहेको उनले उल्लेख गरे । उनले चलचित्रका सम्पूर्ण कलाकार तथा प्राविधिकप्रति आभार व्यक्त गरेका छन् । निर्माता पोखरेलले आफ्नो निर्माण कम्पनीमार्फत अब प्रत्येक वर्ष नियमित रूपमा दुईवटा चलचित्र निर्माण गर्ने योजनासमेत सार्वजनिक गरेका छन् । उनले सम्पूर्ण कलाकार, प्राविधिक (स्पटब्वाईदेखि निर्देशकसम्म), सहयोगी साथीभाइ, इष्टमित्र तथा मिडियाकर्मीप्रति धन्यवाद व्यक्त गर्दै भनेका छन्, 'जय नेपाली सिनेमा, जय दर्शक !'

*-इहिमालय टाइम्स डटकम*

# एकल महिलाको क्षमता विकास गर्न भाषण कला तालिम



**पाल्पा (रामपुर),** वैशाख २२/ जिल्लाको रामपुरमा एकल महिलाहरूको क्षमता विकास गर्ने उद्देश्यले उद्घोषण, भाषण कला तथा वाक क्षमता वृद्धि गर्ने तालिम दिइएको छ । एकल महिला नगर समन्वय समिति रामपुरको आयोजना र रामपुर नगरपालिकाको आर्थिक सहयोगमा महिलाहरुलाई चार दिने उद्घोषण तथा भाषणकला तालिम दिइएको हो ।

तलिमको एक कार्यक्रमकाबिच समापन गरिएको छ । तालिममा सहभागिलाई प्रमाण पत्र वितरण गर्दै रामपुर नगरपालिकाका उपप्रमुख बाल कुमारी थापाले एकल महिलाहरुको उत्थान र अभिभावकीय भूमिका निर्वाह गर्न नगरपालिका प्रतिबद्ध भएर लागेको बताइन् । उनले विगतमा एकल महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोण फरक भए पनि पछिल्लो समय सकारात्मक रुपले हेर्न थालेको बताउँदै सहज जिवनयापनका लागि नगरपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको उनको भनाई छ । उपप्रमुख थापाले न्यून आयस्तर भएका एकल महिलाहरुहरुको समस्या समाधानका लागि सबैले सहयोग गर्नु पर्ने भन्दै यसका लागि नगरपालिकाले पनि आवश्यक सहयोग गर्ने धारणा व्यक्त गरिन् । उनले एकल महिलाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउनका लागि आवश्यकता अनुसार सिपमूलक तालिम सञ्चालन गरी व्यवसायिक प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने बताइन् । कार्यक्रममा रामपुर नगरपालिकाका कार्यपालिका सदस्य मायादेवि नेपालीले नगरपालिका भित्रका सबै एकल महिलाहरुलाई समेटेर आफ्नो अधिकारका लागि सजग भएर अगाडि बढ्न आग्रह गरिन । कार्यपालिका सदस्य शारदा आचार्यले बाध्यात्मक परिस्थितिले एकल जीवन विताई रहेका महिलाहरु एकताबद्ध भएर लाग्नु पर्ने आवश्यकता औंल्याइन् । कार्यक्रममा तालिमका प्रशिक्षक सिता डोटेलले तालिममा सिकेका कुरा व्यवहारमा उतारेर तालिमको औचित्य पुष्टी गर्न आग्रह गरिन् । समापनका अवसरमा तालिममा सहभागिहरुको तर्फबाट बोल्दै विष्णु मल्ल, पवि पाटा र मुना घिमिरेले तालिम आफुहरुका लागि उपलब्धिमूलक भएको भन्दै तालिममा सिकेका कुरा व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरे । नगरपालिकाभित्रका २५ जना एकल महिलाहरुको सहभागिता रहेको तालिमको सहजिकरण पत्रकार दानु हिस्की मगर र सिता डोटेलले गरेका थिए । एकल महिला नगर समन्वय समितिकी अध्यक्ष लक्ष्मी देवि ढकालको अध्यक्षता, उपाध्यक्ष कविता मल्लको स्वागत र सचिव विष्णु थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# आईपीएल क्रिकेटमा गुजरात र कोलकाता विजयी




**नेपालगन्ज,** वैशाख २२/कोलकाता नाइट्स राइडर्सले इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सनराइजर्स हैदराबादलाई ७ विकेटले पराजित गरेको छ । योसँगै कोलकाताले यसअधिको खेलमा व्यहोरेको हारको बदला लिएको छ । सिजनको पहिलो खेलमा हैदराबाद ६५ रनले विजयी भएको थियो ।

राजीव गान्धी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा घरेलु टोली हैदराबादले प्रस्तुत गरेको १६६ रनको लक्ष्य कोलकाताले १० बल बाँकी रहँदा तीन विकेट गुमाएर पूरा गरेको हो । त्यसअघि टस जितेर ब्याटिङका लागि आएको हैदराबादले १९ ओभरमा सबै विकेट गुमाएर १६५ रनको योगफल खडा गरेको थियो । मंगलबार भएको पहिलो खेलमा गुजरात टाइटन्सले पञ्जाब किंगसलाई ४ विकेटले पराजित गरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कको सुधार



**पाल्पा,** वैशाख २२/अघिल्लो चार कारोबार दिन निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अङ्कको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक आठ दशमलव ७८ अङ्कले बढेर दुई हजार ७१२ दशमलव ८६ विन्दुमा कायम भएको हो ।

सो अवधिमा तीन सय ३५ कम्पनीको ७७ लाख ३४ हजार १२ कित्ता शेयर ६२ हजार २५ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४३ करोड ९० लाख ६८ हजार ३९२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । जीवन बीमा शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६३, म्युचुअल फन्ड शून्य दशमलव ४४ र अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव ०४, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन ०५, लघुवित्त शून्य दशमलव २१ र निर्जीवन बिमा समूह शून्य दशमलव १२ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

# बालविवाह रोकथामका लागि सचेतनामूलक कार्यक्रम



**पाल्पा (रामपुर),** वैशाख २२/बालविवाह रोकथाम तथा नियन्त्रणका लागि रामपुरमा सचेतनामूलक कार्यक्रम गरिएको छ । बालमैत्री स्थानीय साशन घोषणाको तयारीमा रहेको रामपुर नगरपालिकाले बालविवाह रोकथाम र न्यूनीकरणका लागि विभिन्न सचेतनात्मक कार्यक्रम गरेको हो ।

उसले बालविवाह तथा महिला हिंसा न्यूनीकरण सम्बन्धी डकुमेन्ट्री चलचित्र प्रदर्शन तथा अन्तर्क्रिया कार्यक्रम गरेको छ । नगरपालिकाले सबै वडाका विद्यार्थीहरुलाई समेटिने गरी विद्यालयहरुमा यो कार्यक्रम सञ्चालन गरिरहेको छ । सोमबार रामपुर नगरपालिकाको वडा नं.१० बाट प्रदर्शन तथा अन्तरक्रिया कार्यक्रम शुरु गरेको छ । पहिलो दिन जनकल्याण माध्यमिक विद्यालय रामटार र भानुभक्त माध्यमिक विद्यालय बर्दलेमा डकुमेन्ट्री चलचित्र प्रदर्शन सहित अन्तरक्रिया गरिएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । कार्यक्रमको शुभारम्भ गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले विगतमा घरपरिवारले जबरजस्तीमा बालविवाह हुने गरे पनि पछिल्लो समय बालबालिकाको आफ्नै व्यवहारका कारण बालविवाह हुने गरेको बताए । सामाजिक सञ्जालको प्रयोगले विभिन्न प्रलोभनमा परेर बालविवाह गर्ने र विभिन्न हिंसा निम्त्याएको उनले उल्लेख गरे । नगर प्रमुख थापाले उमेर नपुगी विवाह गर्ने र सम्बन्ध विच्छेद गर्नेहरुको संख्या बढ्दो रुपमा रहेको भन्दै शारिरिक रुपमा सक्षम भए पछि मात्र विवाह गर्न आग्रह गरे । बालविवाहले निम्त्याउने समस्या र हिंसाका घटना न्यूनीकरण गर्न बालबालिकालाई सचेत गराउनका लागि डकुमेन्ट्री प्रदर्शन सहितको अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको उनले बताए । उनले रामपुर नगरपालिकालाई यही २०८३ साल मंसिर ५ गते बालमैत्री स्थानीय शासन घोषण गर्ने भन्दै यसका लागि आवश्यक सूचक पुरा गर्नका लागि सबैको सहयोग आवश्यक पर्ने बताए । कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले नगरपालिकामा अत्याधिक मात्रामा बालविवाह भईरहेको भन्दै यसको न्यूनीकारणका लागि सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिरहेको बताइन् । उनले रामपुर नगरपालिकालाई बालमैत्री स्थानीय साशन घोषणा गर्नका लागि विभिन्न १८ वटा कार्य योजना अनुसार अगाडि बढेको जानकारी दिए । साथै बालविवाह र हिंसाका घटना रोकथामका लागि सबै आ-आफ्नो क्षेत्रबाट लाग्नु पर्नेमा जोड दिइन् । यस्तै जनकल्याण माध्यमिक विद्यालय रामपुर १० पाल्पाका प्रधानाध्यापक आनन्द प्रसाद भण्डारीले बालविवाह नगर्न र यसको रोकथाममा विद्यार्थीहरुले विशेष भूमिका निर्वाह गर्न उनले आग्रह गरिन् । कार्यक्रममा सृष्टि फाउण्डेशनले बालविवाह र यसबाट निम्तिने हिंसाका घटना समेटिएको जुना डकुमेन्ट्री चलचित्र प्रदर्शन गरिएको थियो । रामपुर नगरपालिका वडा नं.१० का अध्यक्ष तोयानाथ सारु थपाको अध्यक्षता, नगर बाल सञ्जालका उपाध्यक्ष प्रिन्स कुँवरको स्वागत,सञ्जालका अध्यक्ष शारदा श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# भन्सार कडाइपछि...

...यसरी ओहोरदोहोर गर्ने कतिपय मानिसहरुको काम नै उताबाट सामान सार्ने हुने गरेको छ । यसबाट नेपाली बजारमा हुने किनबेचमा ह्रास आउने मात्र नभएर अर्कातर्फ नेपालले प्राप्त गर्ने भन्सारमा पनि कमी आउने गरेको छ । साथै यसले नेपालतर्फका सानादेखि ठूला सम्मका पसल व्यवसाय सञ्चालन गर्ने व्यवसायीले पनि व्यवसायलाई निरन्तरता दिन नसकेको अवस्था पनि निकै लामो समयदेखि रही आएको छ । त्यस्तै सिद्धार्थ उद्योग वाणिज्य सै रुपन्देहीका पूर्वअध्यक्ष विष्णुप्रसाद शर्माले भारतमा सामान सस्तो पाइन्छ भन्ने नेपाली उपभोक्ताको मानसिकता बदल्न जरुरी रहेको बताए । उनले कतिपय सामान भारतभन्दा नेपालमा सस्तो रहेको बताए । उनले सरकारले गरेको यो काम स्वागतयोग्य भएको बताए । तर अवैध रुपमा भित्रिने सामानलाई नियन्त्रण गर्नुपर्ने उनको भनाइ छ । नेपाल उद्योग वाणिज्य महासै लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भन्सारमा कडाइ गरिँदा राजस्व वृद्धि हुनुका साथै स्वदेशी बजार पनि चलायमान हुने बताए । स्वदेशमा व्यवसाय फस्टाउँदा यसले मुलुकको अर्थतन्त्रमा पनि योगदान पुग्ने उनको धारणा छ । “सीमापारि सामान किन्न जाने बहानामा लागुऔषध सेवन गर्न जाने काम पनि भइरहेको पाइएको छ, सामान भारतीय बजारमा खरीद गर्न नजाँदा निश्चय पनि फरक पर्छ”, उनले भने । अध्यक्ष ठाकुरले सीमा नजिकका मात्र नभई पहाडी जिल्लाहरुबाट पनि भारतीय बजारमा सामान किनमेल गर्न नेपाली उपभोक्ता जाने हुँदा राज्यको यस खालको कदमले स्थानीय बजार प्रवर्द्धन हुने बताए । “यो नियम पहिलकै हो, अहिले सरकारले कार्यान्वयन गरेको छ । यो नियमको सबैले पालना गर्नुपर्छ र नागरिकले सरकारलाई सहयोग गर्नुपर्छ”, उनले भने । भैरहवा भन्सार कार्यालय बेलहिया, रुपन्देहीका भन्सार अधिकृत तथा सूचना अधिकारी उद्धव ढुङ्गानाले रु १०० भन्दा बढीका सामान ल्याउनेलाई सम्झाइबुझाइ भन्सार तिर्नुपर्छ भन्ने जागरुक बनाएर भन्सार लिइरहेको बताए । “खासगरी यो त पहिलेदेखिको नियम हो, हामीले सीमापारी भारतबाट सामान ल्याउनेलाई अब नआउनुहोला, आए भन्सार तिर्नुपर्छ भनिरहेका छौँ”, उनले भने । सर्वसाधारण यात्रुले आफ्नै घरका लागि न्यून परिमाणमा ल्याउने सामानलाई भने व्यवहारिक रूपमा हेर्ने गरिएको उनले बताए । तर कानुनअनुसार सामान ल्याउनेबाहेककालाई भने भन्सार लगाउने गरिएको पनि उनले जानकारी दिए । वर्तमान सरकारले सीमा क्षेत्रमा रु १०० भन्सारको नीति अपनाएको छ । यसबाट लामो समयदेखि सामान ओसारपसार गर्दै आएका स्थानीयमा सुरुमा केही असहज भए पनि अहिले भने विस्तारै बानी पर्न थालेको उनीहरु बताउँछन् । पहिले पनि यो नियम त थियो तर पनि भन्सामा कडाई नगर्दा सामान बिना भन्सार नै भित्रिने गरेको थियो । तर अहिले त्यस्तो अवस्था नरहेको स्थानीयको भनाइ छ ।


**वर्गिकृत डिस्प्ले**

*१X ५ साइजमा मात्र*

**वर्गिकत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५-५२०६०१**


## निर्वाचन सम्बन्धी सूचना

मितिः२०८३/०१/२३

रानीमहल बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८३ बैशाख १७ गतेका दिन बसेको सञ्चालक समितिको निर्णय अनुसार अगामी ४ बर्षे कार्याकालको लागि यहि २०८३ बैशाख २९ गते मंगलबारका दिन हुन गैरहेको सञ्चालक समितिको निर्वाचन कार्याक्रमको कार्य तालिका संस्थाको सूचना पाटीमा टासँ गरिएको ब्यहोरा सम्पूर्ण शेयरधनि सदस्यज्यूहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**निर्वाचन समिति**

**रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**

तानसेन-३, पाल्पा


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई